# स्नातकोत्तर तहका विद्यार्थीहरुका लागि
# छात्रवृत्ति सम्बन्धी सूचना

यस सामाजिक सुरक्षा नागरिक समाज सञ्जालको स्थापना सामाजिक सुरक्षासम्बन्धी विविध सवालहरुमा वकालत तथा पैरवी गर्नका निम्ति २०६८ फागुन १६ गते स्थापना भएको नागरिक अभियान हो । हाल यो सञ्जालमा १६ वटा राष्ट्रिय स्तरका गैरसरकारी संस्थाहरु आवद्ध भई सामाजिक सुरक्षाको क्षेत्रमा सक्रिय भूमिका निभाइरहेको छ । यो सञ्जालले हाल सामाजिक सुरक्षा सम्बन्धी सचेतना, क्षमता विकास, पारदर्शिता तथा जवाफदेहिता अभिवृद्धि, खोज तथा सूचना संकलन तथा सामाजिक सुरक्षा सम्बन्धी वकालत तथा पैरवीका लागि सरकारी तथा गैरसरकारी संस्थाहरु, नागरिक समाज, शैक्षिक संस्थाहरुसँग हातेमालो गर्दै आएका छन् । यस सञ्जालको सचिवालय हाल समाज सेवा तथा मानव अधिकारमा महिला र बालबालिका (सिविस) मा रहेको छ ।

सामाजिक सुरक्षालाई नेपाल सरकारले गरिबी निवारणका लागि एक प्रभावकारी रणनीतिको रुप लिएको र यसलाई आफ्नो बार्षिक योजनाहरुको प्राथमिकतामा पार्दै आए पनि सामाजिक सुरक्षा सम्बन्धी बिशेषतः शैक्षिक क्षेत्रबाट चासो तथा सैद्वान्तिक बहस भएको कमै पाइन्छ । अतः सामाजिक सुरक्षालाई नेपालको शैक्षिक क्षेत्रमा मुद्दाको रुपमा स्थापित गर्ने उद्देश्यका साथ त्रिभुवन विश्वविद्यालय तथा काठमाण्डौं विश्वविद्यालयमा अध्ययनरत २ जना विधार्थीहरुका लागि शोध प्रबन्ध (Thesis Writing) लेखनमा सहयोग गर्नका लागि छात्रवृत्ति रकम उपलब्ध गराउन लागिएको हो । तसर्थ यस सञ्जालले निम्न योग्यता पुगेका विधार्थीहरुका लागि शोध प्रबन्ध (Thesis Writing) को आशय सहित मिति २०७८ भाद्र ४ गते भित्र दर्खास्तको लागि आव्हान गरिन्छ ।

**न्युनतम योग्यता**

- स्नातकोत्तर तहको अध्ययन गरी शोध प्रबन्ध लेखनको तयारी गरिरहेको हुनुपर्ने,
- शोध प्रबन्धपत्र सामाजिक सुरक्षाको विषयमा हुनुपर्ने,
- सम्बन्धित विश्वविद्यालयको सिफारिस वा सम्बन्धित विश्वविद्यालयसँग आबद्धताको परिचयपत्र ( बिद्यार्थी परिचयपत्र) भएको,
- छात्रवृत्ति सम्बन्धी दर्खास्तका लागि नेपाली नागरिक योग्य हुने,
- अँग्रेजी भाषामा शोध प्रबन्धपत्र लेख्न सक्ने तथा सामाजिक सुरक्षासम्बन्धी ज्ञान भएको, र
- सम्बन्धित विश्वविद्यालयबाट शोध प्रबन्धपत्रका लागि प्रदान गरिएको स्वीकृति पत्रको एक प्रति ( hard copy) यस सञ्जाललाई पनि उपलब्ध गराउनुपर्ने ।

नेपालको वर्तमान सामाजिक सुरक्षाको अवस्था, चुनौती र अवसर सहित अँग्रेजी भाषामा बढीमा ३ पानाको Microsoft Word मा आशयपत्र (Concept Note) तयार गरी info@spcsnnepal.org मा इमेल पठाउनु हुन अनुरोध छ । सामाजिक सुरक्षासम्बन्धी शोध प्रबन्ध बुझाउने (thesis submission) उत्कृष्ट २ जना जेहेन्दार विधार्थीहरुका लागि रु ७५,००० -अक्षरेपी पचहत्तर हजार रुपैयाँ मात्र) का दरले छात्रवृत्ति रकम उपलब्ध गराइने व्यहोरा अनुरोध गरिन्छ ।